# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र
अंक ७

## पृष्ठभूमि

कोरोना महामारीको अवस्थामा बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्न एनसिई नेपालले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग निरन्तर संवाद र बहसका साथै विभिन्न बहस पैरवीमूलक र नीतिगत छलफल गर्दै आएको छ ।

नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने अभियानलाई अझ व्यापक र बृहत्तर बनाउन तथा कोभिड महामारीको अवस्थामा समेत बालबालिकाहरुको शिक्षा तथा सिकाइ सुनिश्चित गर्न एनसिई नेपालले यसका जिल्ला समन्वय समितिहरु, प्रदेश समन्वय समितिहरु र सदस्य संस्थाहरुको सहकार्यमा समुदाय र जिल्लास्तरमा विभिन्न अभियान तथा वकालतका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । युवाहरुलाई सार्वजनिक शिक्षा सुदृढीकरण अभियान र सामुदायिक विकासमा आबद्ध गर्ने उद्देश्यले ललितपुर, पर्वत, पाल्पा र पर्सा जिल्लामा विभिन्न अभिमुखीकरण, नेतृत्व विकास र सञ्जालीकरण कार्यक्रमहरु आयोजना गरिएका थिए । यसका अतिरिक्त अन्तर्राष्ट्रिय महिला दिवस २०२१ को अवसरमा उदयपुर, सिन्धुपाल्चोक, मकवानपुर, कपिलवस्तु, बाँके र पर्वत जिल्लामा शिक्षा अधिकार, महिला अधिकार र लैङ्गिक समानता विषयक विभिन्न छलफल, गोष्ठी, अन्तरक्रियात्मक कार्यक्रम तथा पैरवीमूलक गतिविधिहरु पनि सम्पन्न भएका छन् । यस अवधिमा एनसिई नेपालद्वारा जिल्ला समन्वय समितिका सदस्यहरुलाई सिकाइ आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यशाला र त्यसैगरी गण्डकी प्रदेशको शैक्षिक अवस्था र अबको कार्यदिशा बारे छलफल कार्यक्रमका साथै एनसिई गण्डकी प्रदेश समन्वय समिति गठन कार्य सम्पन्न भएको छ ।




*युवाहरु सार्वजनिक शिक्षाको भविष्य बारे छलफल गर्दै*

## शिक्षाको भविष्य र युवाको दृष्टिकोण विषयक कार्यशाला

युवाहरुलाई भविष्यको कर्णधार मानिन्छ । युवाहरुले भविष्यमा कस्तो शिक्षा र शिक्षा प्रणालीको अपेक्षा गरेका छन भन्ने विषयमा छलफल गर्ने उद्देश्यले एनसिई नेपालले युवाको दृष्टिमा सार्वजनिक शिक्षाको भविष्य विषयक एक दिने कार्यशाला सम्पन्न गरेको छ । उक्त कार्यशालामा पाल्पा, पर्सा, पर्वत र ललितपुरबाट ३० बर्ष मुनिका युवाहरुको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरुले अबको ३० वर्षपछि रोजगारमुखी, प्रविधिमुखी, समावेशी र प्रयोगात्मक शिक्षा हुनुपर्ने कुरामा जोड दिएका थिए । साथै उनीहरुले शिक्षालाई



*युवाहरु कार्यक्रममा सार्वजनिक शिक्षाको भविष्य बारे छलफल गर्दै*



*अबको ३० वर्षमा सार्वजनिक शिक्षा कस्तो हुनुपर्दछ भन्ने बारे युवाद्धारा प्रस्तुती गरिँदै*

पूर्ण रूपमा निःशुल्क बनाइनु पर्ने, शिक्षा जीवनोपयोगी सिप सहितको गुणस्तरीय हुनुपर्ने धारणा राखेका थिए । साथै उनीहरुले शिक्षाको उद्देश्य बालबालिकाहरुमा राष्ट्रप्रेम जगाउने र उनीहरुलाई सार्वभौम नागरिकको रुपमा विकास गर्ने खालको हुनु पर्ने कुरामा जोड दिएका थिए । कार्यक्रममा सहभागी युवाहरुले आगामी दिनमा उनीहरुले समुदायस्तरमा परिचालन हुन कार्ययोजना बनाई त्यस अनुरूप आफ्नो समुदायमा सार्वजनिक शिक्षा सुधारका काममा अग्रसर रहने प्रतिबद्धता पनि जनाएका थिए ।

# शिक्षामा महिला नेतृत्वः अन्तर्राष्ट्रिय महिला दिवस

एनसिई नेपाल र यसका सदस्य संस्थाहरुले समुदाय, जिल्ला, प्रदेश र सङ्घीय तहमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी १११ औं अन्तर्राष्ट्रिय महिला दिवस भव्यताका साथ सम्पन्न गरेका छन् । शिक्षा अधिकार, महिला अधिकार र शिक्षामा लैङ्गिक समानता जस्ता विभिन्न विषयहरुमा उदयपुर, सिन्धुपाल्चोक, मकवानपुर, कपिलवस्तु, बाँके र पर्वत जिल्लामा विभिन्न गोष्ठी, अन्तरक्रिया, सम्मेलन, र्‍याली तथा दवावमुलक कार्यक्रम सम्पन्न भएका छन् ।




*जि.स.स. उदयपुरद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी आफ्नो भनाइ राख्दै*

साथै कार्यक्रममा जिल्लामा महिलाको समग्र अवस्था, शिक्षामा महिलाको नेतृत्व, महिलाको सुरक्षा, सम्मान र रोजगार, स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट, महिला र बालबालिका माथि हुने हिंसा र यसले शिक्षामा पार्ने असर, यसको न्यूनीकरणका उपायबारे छलफल तथा बहस भएको थियो । कार्यक्रमले महिलालाई शिक्षा, राजनीति, सामाजिक र आर्थिक रूपमा सशक्त बनाउन र उनीहरुको समान पहुँच स्थापना गर्न विभिन्न तहमा वकालत तथा पैरवी गर्न सहयोग पु-याएको थियो । त्यसैगरी कार्यक्रममा जनजाति, दलित तथा अल्पसङ्ख्यक महिलाहरुको अवस्था सुधारका लागि सचेतनामुलक तथा क्षमता अभिबृद्धि गराउने कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय जनप्रतिनिधिहरुसँग पैरवी गरिएको थियो ।




*जि.स.स. मकवानपुरद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी आफ्नो भनाइ राख्दै*

# सिकाइ आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यशाला

एनसिई नेपालले कोरोना महामारीको समयमा समेत एनसिई नेपाल, जिल्ला समन्वय समिति तथा सदस्य संस्थाहरुद्वारा गरिएका समुदाय तथा स्थानीय वकालत, पैरवी, अनुगमन जस्ता राम्रा अभ्यास, गतिविधि र क्रियाकलापहरुको सिकाइ आदानप्रदान र क्षमता अभिबृद्धि गर्ने उद्देश्यले पोखरामा २ दिने सिकाइ आदानप्रदान तथा क्षमता अभिबृद्धि कार्यशाला सम्पन्न गरेको छ । उक्त कार्यक्रममा वटा २५ जिल्ला समन्वय समितिका प्रतिनिधि लगायत एनसिईका पदाधिकारीको सहभागिता रहेको

थियो । सो कार्यक्रममा जिल्लास्तरीय अनुभव आदानप्रदानका साथै सार्वजानिक शिक्षाको  गुणस्तर सुधार गर्न आवश्यक वकालत तथा पैरवीको विषयमा छलफल गरिएको थियो । कार्यक्रमले सहभागीहरुलाई वकालतको अभ्यास, रणनीतिहरु, अनुसन्धान र अनुसन्धानका रणनीतिहरु, सार्वजानिक शिक्षाका विभिन्न सवालहरु जस्तै शिक्षा अधिकार, शिक्षामा लैङ्गिक समानता, शिक्षामा सुशासन, वित्तीय व्यवस्था आदि जस्ता विषयमा सहभागीहरुको क्षमता अभिबृद्धि गरेको थियो । उक्त कार्यक्रम पश्चात् एनसिई नेपालको रणनीतिक योजनामा केन्द्रित भई सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानलाई जिल्ला र स्थानीय स्तरमा अझ बिस्तार गर्न कार्ययोजना समेत निर्माण गरिएको थियो ।



*सिकाइ आदानप्रदान तथा क्षमता अभिबृद्धि कार्यशालाको एक झलक*

# गण्डकी प्रदेशको शैक्षिक अवस्था र अबको कार्यदिशा बारे छलफल कार्यक्रम



गण्डकी प्रदेश सरकारले सार्वजानिक शिक्षाको क्षेत्रमा गरेका काम, शिक्षामा गण्डकी सरकारको प्राथमिकता, प्रदेश शिक्षा नीति तथा प्रदेशको भावी कार्यदिशा र चुनौती लगायत विषयमा एनसिई नेपालले प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सांसदहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरु, नागरिक समाज, शिक्षा विद्, शिक्षक, अभिभावक, विद्यार्थी तथा पत्रकारहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमले गण्डकी प्रदेशको शिक्षा नीति तत्काल वनाई कार्यान्वयन गर्नुपर्ने, शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता हुनुपर्ने, कोरोनाको सन्दर्भमा शिक्षामा सवैको पहुँच सुनिश्चित हुने किसिमका कार्ययोजनाहरु तयार गरी कार्यान्वयन गर्नुपर्ने लगायतका विषयवस्तुमा जोड दिइएको थियो ।

## एनसिई नेपाल गण्डकी प्रदेश समन्वय समिति गठन

एनसिई नेपालले गण्डकी प्रदेशमा प्रदेश भेला सम्पन्न गरेको छ । उक्त भेलाले इन्दिरा पौड्यालको संयोजकत्वमा उपाध्यक्ष राजेन्द्र बोहोरा, सचिव लक्ष्मी कुँवर र कोषाध्यक्ष बेद प्रसाद न्यौपाने सहितको ९ सदस्यीय समन्वय समिति गठन गरेको छ । भेलामा नवलपुर, पर्वत, स्याङ्जा, लमजुङ, कास्की, बाग्लुङ जिल्लाका एनसिई नेपालका सदस्यहरुको सहभागिता रहेको थियो ।

# युवा सञ्जालीकरण तथा क्षमता अभिबृद्धि कार्यक्रम

## पर्वत जिल्ला

पर्वत जिल्लामा १४ सदस्यीय शिक्षा युवा सञ्जाल गठन गरिएको छ । एनसिई पर्वतद्वारा सहजीकरण गरी जिल्लाका सात वटै पालिकाका युवाहरुको प्रतिनिधित्व गराइएको छ । उक्त सञ्जालले सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिका लगायत सम्पूर्ण बालबालिकाको शिक्षाको सवालमा वकालत, बहस तथा पैरवी गरिरहेको छ ।



## पर्सा जिल्ला

एनसिई पर्साद्वारा जिल्लाको शैक्षिक अवस्था, शिक्षा तथा समग्र विकासमा युवाको भूमिका, शिक्षालाई गुणस्तरीय बनाउनमा युवा परिचालन जस्ता विषयहरुलाई प्राथमिकताका साथ उठान गर्न युवा समूह गठन गरेको छ ।




## पाल्पा जिल्ला

शिक्षा विकासमा युवाहरुको सहभागिता अभिबृद्धि गर्न जिल्ला समन्वय समिति पाल्पाले रामपुरमा युवाहरुसँग दुई दिने अभिमुखीकरण तथा नेतृत्व विकास तालिम सम्पन्न गरेको छ । साथै रामपुर नगरपालिकाका दशवटा वडाका युवा अभियन्ताहरुलाई आबद्ध गरी युवा सञ्जाल समेत गठन गरेको छ ।




## दुर्व्यशन, हिंसा न्यूनीकरण र समाज विकासमा युवा केन्द्रित अभियान


दुर्व्यशन तथा हिंसा न्यूनीकरण र समाज विकासमा युवाको भूमिकालाई जोड दिँदै पर्वतमा जिल्ला समन्वय समितिद्वारा सचेतना कार्यक्रम सम्पन्न भएको छ । कुश्मा नगरपालिका वडा नं. ११ र रोटऱ्याक्ट क्लब अफ पर्वतसँगको सहकार्यमा आयोजना भएको उक्त कार्यक्रममा दुर्व्यशन, युवा वर्गमा दुर्व्यशनले पारेको असर, न्यूनीकरणका उपाय र कानुनी प्रावधान, हिंसा नियन्त्रणका लागि चालिनु पर्ने कदमहरु, हिंसा न्यूनीकरणका लागि युवा समुदायले खेल्न सक्ने भूमिका र समग्र समाजको विकासमा युवा वर्गले खेल्नुपर्ने भूमिकाका बारेमा प्रस्तुतीकरण तथा अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

## बालमैत्री वडा स्थापनामा युवाको भूमिका

बालमैत्री वडा घोषणा गरी बालबालिकाको समग्र अधिकार सुनिश्चित गर्ने अभियानमा युवाको भूमिकाबारे अभिमुखीकरण गर्ने उद्देश्यका साथ पर्वतको मोदी गाउँपालिकाका युवाहरुसँग एनसिई पर्वतद्वारा एक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सहभागीहरु बीच बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री वडाको अवधारणा, बालमैत्री वडा घोषणाको तयारीका लागि पूरा गर्नुपर्ने ३९ सूचकहरु तथा सूचक पूरा गर्न विभिन्न निकायको भूमिका आदि विषयमा अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा सहभागी भएका युवाहरुले आ-आफ्नो ठाउँबाट बालमैत्री घोषणाको अभियानमा सक्रियतापूर्वक योगदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सोही अवसरमा एनसिई नेपाल र मोदी गाउँपालिकाको समन्वयमा तयार गरिएका विभिन्न सन्देशमूलक फ्लेक्स व्यानरहरु स्थानीय विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालयका लागि उपलब्ध गराइएको थियो ।


# सामाजिक सञ्जालमा सूचनामूलक पोष्टहरु









# एनसिई नेपाल सञ्चार माध्यममा



JYOTIDAINIK.COM

**निशुल्क गुणस्तरीय सार्वजनिक शिक्षा सम्भव बारे अन्तर्क्रिया कार्यक्रम सम्पन्न**

शिक्षाको लागि राष्ट्रिय अभियान जिल्ला समन्वय समितीको आयोजना र समाजिक संस्था जिल्ला स...

शिक्षामा जनजाति महिलाको अर्थपूर्ण सहभागिताबारे छलफल

Nigarani Online || २०७७ फाल्गुण २६ बुधबार Share 6 Tweet







WAIKHARI.COM

**कपिलवस्तुमा नारी दिवसको पूर्वसन्ध्यामा अन्तरक्रिया — वैखरी**

कपिलवस्तु : १११ औं अन्तराष्ट्रिय नारी दिवसको पूर्वसन्ध्यामा एक कार्यक्रमको आयोजना गरी अ...



SINDHUJWALA.COM

**१११ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम**

फागुन २७, पाँग्रेटार (सिन्धुपाल्चोक) । महिलाको सुरक्षा, सम्मान र रोजगार ०ः समृद्ध नेपालको आ...




BULBULKHABAR.COM

**शिक्षामा जनजाति महिलाको अर्थपूर्ण सहभागिताबारे छलफल**

मनहरी । शिक्षामा जनजाति, दलित तथा अल्पसंख्यक महिलाहरुको अर्थपूर्ण सह...




KHULAASA.COM

**समतामूलक समाज निर्माण गर्न महिला नेतृत्व आवश्यक : सरोकारवालाहरु**

सरोकारवालाहरुले शिक्षा क्षेत्रमा महिला नेतृत्वको आवश्यक्ता रहेको औंल्याएका छन् । सोमबार ...



JYOTIDAINIK.COM

**शिक्षामा युवाहरुको भुमिका बिषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न**

वीरगंज,चैत्र १० शिक्षाको लागि राष्ट्रिय अभियान नेपालको आयोजनामा र समाजिक संस्था जिल्ला ...




PURNAPUSTI.COM

**आठ मार्चमा, शिक्षामा महिला नेतृत्व खोजियो**

पूर्णपुष्टि, फागुन २४ । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ नेपाल) जि...




LOKPATI.COM

**हिंसाले समाजमा पार्ने असरबारे केन्द्रित हुँदै अन्तराष्ट्रिय महिला दिवस मनाइयो**

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np